## आ.व . २०७९/८० को उन्नाईसौ कार्यपालिका बैठक

आज मिति २०८०।०१।१८ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो। बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन्।

**उपस्थिति**

| | | |
|---|---|---|
| अध्यक्ष | श्री | प्रकाश बिष्ट, राप्ती गाउँकार्यपालिका। |
| उपाध्यक्ष | श्री | कमलापती चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | गेमे खड्का, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | पहलवान चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | उमेश अधिकारी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | विर वहादुर चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | देव प्रसाद चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | दीपक कुमार चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | सिताराम चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | चन्द्र वहादुर गुरुङ, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | रिम बहादुर सुनारी, मगरराप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | पार्वती सुवेदी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | चम्फा भुसाल, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | रण बहादुर फुजाली सार्की , राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | गिता चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | सावित्री चौधरी, राप्ती गाउँकार्यपालिका। |
| सदस्य | श्री | संजिव परियार, राप्ती गाउँकार्यपालिका। |
| सदस्य सचिव | श्री | नेब बहादुर वली , राप्ती गाउँपालिका। |

**आमन्त्रित**

श्री विश्वास विक,शाखा अधिकृत

श्री विकास ज्ञवाली, अधिकृत ( प्रशासन सेवा )

प्रस्तावहरु

१- प्रगन्ना तथा  वड्का पथ सिचाई आयोजना सम्बन्धी विषय ।

२- राजस्व संकलन कार्यको पारिश्रमिक निर्धारण सम्बन्धमा ।

३- वाल विकास कक्षा  सञ्चालन सम्बन्धमा ।

उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

**निर्णय नं.१**- प्रगन्ना तथा बड्कापथ सिचाई व्यवस्थापन कार्यालयको च.न. २०७ मिति २०७९।१२।२४ को पत्र बमोजिम प्रगन्ना कुलोमा पानी चलाउनका लागि एक्जाभेटर लगाउनका समन्वय गरिदिनुहुन भनि उल्लेख भएकोमा देहायको शर्त र अधिनमा रही कुलो सञ्चालनका आवश्यक कार्य गर्न अनुमति दिने ।

शर्तहरु

- डोजर तथा एक्जाभेटर प्रयोग गर्दा गाउँपालिकाको अनुमतिमा सञ्चालन गर्ने ।
- कुलो खन्दा (सपाई गर्दा) निस्कने परिमाण एकिन गर्न वडाध्यक्ष, प्राविधिक शाखा तथाराजस्व शाखाको टोलीबाट गर्ने ।
- संकलित नदिजन्य पदार्थको राजस्व प्रदेश सरकारबाट निर्धारित रोयल्टी लिएर अगाडी बढाउने ।
- कुलोबाट निस्कने नदिजन्य पदार्थ निष्काशनको अनुगमनको लागि वडाध्यक्ष, प्राविधिकर राजस्व शाखाले नियमित अनुगमन गर्ने ।
- अग्रिम रुपमा रोयल्टी तिरेर मात्र मेशिन(Excavator) कुलो खन्ने व्यवस्था मिलाउने ।
- तोकिएको मापदण्ड विपरित उत्खनन गर्ने मेसिन अनुगमनको क्रममा भेटिएमा तत्काल कारवाही गर्ने ।

निर्णय नं.२ – वगरापुर घाटमा राजस्व संकलन तथा रेखदेखमा खटाईएका श्री बसन्त कुमार चौधरीलाई नीजले संकलन गरेको राजस्वको १५% पारिश्रमिक सेवा उपलब्ध गराउने ।

**निर्णय नं.**३: राप्ती गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखा अन्तरगतको बजेटबाट खर्च हुने गरी राप्ती गापा ५ स्थित पुनखोलामा वालविकास संचालन गर्ने ।